Received Date: Jan. 2022 Revised: Feb. 2022 Accepted: Mar. 2022

# राणाकालीन नेपालको राजतन्त्रः संक्षिप्त चर्चा

**प्रा.डा. बद्रीनारायण गौतम**
**इतिहास केन्द्रीय विभाग, त्रि.वि.**
Email: drbngautam@icloud.com

## शोधसार

*नागवंशद्वारा राजतन्त्रात्मक मुलुकका रूपमा सङ्गठित प्रयास थालिएको नेपालमा विभिन्न राजवंशले शासन गरेको पाइन्छ । सुरुदेखि नै शक्तिशाली राजतन्त्र कायम रहेको हुँदा शासन व्यवस्थामा राजाको स्थान सर्वोच्च हुने परम्परामै हुर्किएको नेपाली समाजले राजालाई भगवानकै अवतारका रूपमा हेर्ने–मान्ने गर्दथ्यो । शक्तिका आधारमा स्थापना, विकास र विस्तार हुने परम्पराझैं गरेर विभिन्न राज्यहरूको निर्माण, विखण्डन र विनास भएका घटनाहरूले गर्दा ५४ वटा राज्यहरूमा विभक्त नेपाली भूभागलाई गोरखाका राजा पृथ्वीनारायण शाहले एकीकृत नेपाल निर्माणको बाटोमा बढाएर आधुनिक नेपालको शिलान्यास गरेका थिए । विपन्न र आफन्तहरूद्वारा अपहेलित गोरखा राज्यलाई आत्मनिर्भर–सम्पन्न राष्ट्र बनाउने सपना देखेका राजा पृथ्वीनारायण शाहले राजा र जनता बिच मेल कायम गरेर देशलाई सम्पूर्ण देशवाशीहरूको साझा सम्पत्ति हो भन्ने भावना जनताको हृदयमा जगाउन सकेकाले नै आफ्नो राज्य विस्तार अभियानलाई नेपाल एकीकरण अभियानमा बदल्न सकेका हुन् । राष्ट्रिय उन्नती, विकास र सुदृढताका लागि राजशक्ति र जनशक्तिको मेल आवश्यक छ भन्ने मान्यताका आधारमा गतिशील भएर अपार जनसमर्थन पाएकाले एकीकरणकर्ताको स्थान पाएका पृथ्वीनारायण शाहका उत्तराधिकारीहरूले उनको नीतिलाई कायम राख्न सकेनन् । राजा भनेको जनताको रषक एवं हितको संरक्षण गर्ने संस्था प्रमुख हो भन्ने यथार्थ विपरीत उत्रिएका उनीहरूले सत्ता सङ्घर्षको खेलमा लागेर राज्यका महत्त्वपूर्ण भारदारहरूलाई बेवास्ता गरेर चाटुकार–रंगरेलियाका नायकहरूलाई विश्वास गर्ने र पुराना भारदारहरूलाई मृत्युदण्डको सजाय दिनेसम्मका कार्यहरू गरेपछि राजा प्रजाको एकता–विश्वास खण्डित हुन गयो । राज परिवार नै सत्ता खेल–गुटबन्दी र षड्यन्त्रमा लागेपछि बढेको भारदारी षडयन्त्रले राणा शासनको उदय गराएर राजालाई खोपाको देउताको रूपमा पुर्‍याइदियो ।*

**शब्दकुञ्जिका**: राजशक्ति र जनशक्ति, भारदारी षडयन्त्र, राजनैतिक शक्ति, सुदृढीकरण, प्रभाव विस्तार, लालमोहर र राजअधिकार ।

## विषयप्रवेश

"मेरा साना दुःखले आर्ज्याको मुलुक होइन, सबै जातको फुलवारी हो सबैलाइ चेतना भया" भन्ने उदगार व्यक्त गर्ने आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहले राष्ट्र भनेको सम्पूर्ण देशवासीको साझा सम्पत्ति हो भन्ने भावना जगाउनसकेका खण्डमा राष्ट्र निर्माण प्रक्रियामा सामान्य जनतासमेत सामेल हुने र राष्ट्रले प्रगति गर्न सक्ने यथार्थ प्रमाणित नै गरेर छाडेका थिए । राजशक्ति र जनशक्तिको मेल नै राष्ट्रिय उन्नतीको सर्वोपरी आधार बन्ने धारणाका पक्षपाती पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभियानमा सामान्य जनताको सहयोगको महत्वलाई राम्रोसँग उपयोग गरेकाले सफलता पाउन सकेका हुन् । राम्रोसँग जीवनयापन गर्न नपाउने र उपेक्षित अवस्थामा बाँच्न बाध्य हुने अवस्थाले गर्दा आम जनमानसमा रहेको उदासिन मानसिकतालाई उचालेर देशभक्तिको पाठ पढाउन सफल भएका यिनले जनतालाई सम्पन्न नागरिक बन्ने महत्वकांक्षा लिएर जय जय गोरखनाथ, जय जय गोरखकालीको जयघोष गर्दै राष्ट्र निर्माण यात्रामा अग्रसर गराउने काम गरे (योगी (सम्पा.), (२०१६: ३–३२) । विभिन्न भुरे टाकुरे राजाहरूको अस्तित्व रहेको भूभागलाई एकताबद्ध गरेर आधुनिक नेपालको शिलान्यास–निर्माण गर्ने राजा

पृथ्वीनारायण शाहले विना भेदभाव विभिन्न जातिहरूलाई समेटेर बढ्ने कार्य गरेकाले नै सफलता पाएका थिए । उनले स्थापना गरेको योग्य व्यक्तिको कदर गर्ने परम्पराले गर्दा ज्यू ज्यानको पर्वाह नै नगरिकन योग्यता र इमान्दारिता देखाउने प्रवृत्तिको विकास भएर जनताका छोराहरूले राष्ट्र निर्माणमा रगत पसिना बगाएर निष्ठा प्रकट गर्न सके । परिणामस्वरूप विकास भएको राजा र प्रजाको सुमधुर सम्बन्धयुक्त वातावरणले माया–प्रेम, निष्ठा–प्रतिबद्धता क्रम विस्तारको वातावरण तयार गर्न थाल्यो ।

राजा पृथ्वीनारायण शाहले थालेको सामान्य जनतालाई महत्व दिने परम्पराले संस्थागत स्वरूप ग्रहण गर्न नपाउँदै वि.सं. १८३१ मा निधन भएपछि निरन्तरता पाउन सकेन । उनका उत्तराधिकारीहरूले अवलम्बन गरेको सत्ता सङ्घर्षको खेल र पदलोलुप चरित्रले गर्दा दरबारबाट जनतालाई उपेक्षा गर्ने जुन क्रम सुरु भयो त्यसले मानवीयताको भावनाहरू समेत तहस नहस पारिदियो । जनतालाई सन्तान सरह मानेर साथ सहयोग लिने, संरक्षण गर्ने, राज्य हुँदै दरबार बलियो बनाउने कार्यमा लाग्ने र महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने राजपरिवार नै सत्ता सङ्घर्षमा लागेपछि नेपाल दरबार नै रक्तरञ्जित खेलखालको केन्द्र बन्न पुग्यो । जसबाट बढेको भारदारी षडयन्त्रले गर्दा राज्यको प्रधानमन्त्री, राजा पछिको महत्वपूर्ण व्यक्ति समेत कालगतिले मर्न नपाउने अवस्था भयो । त्यसै क्रममा दरबारभित्र बन्दी रहन पुगेको देशको राजनीति षडयन्त्र र हिंसाले लथपथिएर वि.सं. १८६३ मा थापा शासन र वि.सं. १९०३ मा राणा शासन स्थापना गराउने अवस्थामा पुग्यो (गौतम, २०७४: १) । राणाशासनको उदयपश्चात् कमजोर हुन बाध्य धएको नेपालको राजसंस्थाको क्रियाशील भूमिका खुम्चदै गएर नारायणहिटीको सम्मानित कैदी जस्तो स्थानमा पुर्‍याउन राजाकै भूमिका–कार्य उत्तरदायी छन् । जसबारे प्रकाश पार्ने लक्ष्य अनुरूप यो लेखलाई राणाकालीन नेपालमा राजसंस्थाको अवस्था–स्थिति कमजोर पारिएका घटनाक्रम एवं कारण तत्वहरूको विश्लेषणात्मक प्रस्तुतिमा केन्द्रित गर्ने प्रयास गरिएको छ ।

**तथ्य विश्लेषण**

नेपाल निर्माता बडामहाराजधिराजका उत्तराधिकारीहरूको अविवेकी नीतिले गर्दा सुरु भएको सत्ता सङ्घर्षले राज्य संचालनमा रानीहरू हावी हुने अवस्था विकास भयो । राजा राजेन्द्रको शासन कालसम्म आइपुग्दा भएको भीमसेन थापाको अन्त्यदेखि माथवरसिंह थापाको उदय र पतनसम्मका घटनाक्रमहरूले "सप्रे दरबार बिग्रे तरबार" भन्ने उखान नेपालमा बनेको यथार्थ बुझ्ने मौका पाएका जङ्गबहादुरले नेपाल दरबारलाई राम्रोसँग महसुस गरे । त्यसै क्रममा नेपालको राजदरबारमा पालिएकाहरूको कहिल्यै विश्वास नगर्नु, दरबारबाट बोलाउना साथ सोच विचार नगरी हतारमा जानै हुँदैन, जस्तो लालच देखाइए पनि राती एक्लै असुरक्षित अवस्थामा दरबार प्रवेश गर्नै हुँदैन, राजनीतिमा नजिकको नातागोता भन्दा मानपद, षडयन्त्र, हत्या ठूलो हुँदो रहेछ भन्ने जान्नु, आफूदरबारिया भएर शक्तिशाली भएपछि आफ्नो गुप्तचर संयन्त्र तयार पारी कडा र सशक्त बनाइहाल्नु पर्ने र आफ्नो उन्नती हुन्छ र शक्तिमा जान पाइन्छ भन्ने तुच्छ, अनैतिक र कायर भन्दा कायर काम गर्न पनि पछि सर्नु हुँदैन भन्ने यथार्थ बोध गर्नु आदि दिक्षा पाएर कदम चाली कोतपर्वसम्मका नरहत्याका शृङ्खलाहरू सम्पादित गर्न सफल भए (सुवेदी, २०७८: २३०–२४५) । वि.सं. १९०३ भदौ ३१ गते भएको कोत हत्याकाण्डमा तरबार र बन्दुकको व्यापक प्रयोग गरेका जङ्गबहादुरले राजाबाट राज्य सञ्चालनका सबैजसो अधिकार पाएकी रानी राज्य लक्ष्मीदेवीबाट मुख्तियारी पद प्राप्त गरे । महारानीलाई दाम राखेर दर्शन गर्दै स्विकारोक्ति जनाएपछि राजा समक्ष दाम राख्न पुगेका जङ्गबहादुरलाई देख्ना साथ कडकेर तैले कसको हुकुमले यत्रो नरसंहार गरिस् भन्दै सोधेका राजा राजेन्द्र समक्ष सरकारबाट अधिकार प्रदान गरिएकी महारानीबाट हुकुम बक्स भएकाले त्यहि बमोजिम काम तामेल गरेको हुँ भन्दै जाहेर गरेकाले फन्कदै रानीको कोठामा पुगेका राजालाई आफ्नो चाहना पूरा नभए अझैठूलो काण्ड गराउने धम्की दिएकी रानी राज्य लक्ष्मीदेवीले झनै घुर्कि देखाइन (राणा, २०६५: ४०–४१) । त्यस्तो अवस्थामा राजारानीलाई दाम राखेर दर्शन भेट सकेपछि सरासर ब्रिटिश रेजिडेन्सीमा पुगेर रेजिडेन्टसँग शिष्टाचार भेट गरेका जङ्गबहादुरले कोतपर्वको विषयवस्तु बताएर आफ्नो नेतृत्वमा गठित नयाँ सरकार अङ्ग्रेजहरूको ठूलो मित्र हुनेछ भन्ने विश्वास दिलाउन सफल भएको उल्लेख पाइन्छ ।

रानी राज्यलक्ष्मीदेवीको घुर्किदेखि ब्रिटिश रेजिडेन्टको स्विकृतिसम्मलाई देखेका राजा राजेन्द्रबाट पनि वि.सं. १९०३ आश्विन २ गतेका दिन जङ्गबहादुरलाई लालमोहर प्रदान गरी विधिवत रूपमै नेपालको मुख्तियार बनाइदिए (सुवेदी, २०७८: २४५) । त्यसबाट थप उत्साहित भएकी रानी राज्यलक्ष्मीले युवराज सुरेन्द्र एवं साहेबज्यू उपेन्द्रलाई जुन कुनै उपायले हटाएर आफ्नो छोरा रणेन्द्रलाई राजा हुने बाटो खुला गर्न भन्न थालिन् । कुनै पनि हालतमा अवैधानिक र अनैतिक कार्य गर्न नहुने सोच बनाएका जङ्गबहादुरले आफ्नो स्थिति बलियो नहुँदासम्म आलटाल गर्दै महारानीलाई अल्मल्याउने प्रयाससँगै युवराज एवं राजकुमारको विशेष सुरक्षा गर्न थाले । केही दिनको प्रतिक्षापछि दिक्क भएकी महारानी राज्यलक्ष्मीदेवीले लिखित रूपमै आदेश पठाएपछि अनैतिक कार्य नगर्ने जवाफ दिएका उनले नियम विपरीत काम गर्न दवाव दिने जो कोहिलाई पनि मुलुकको नियम कानून अनुसार अपराधी ठहऱ्याई कारवाही गर्न बाह्य हुने जानकारी लिखित रूपमै पठाइदिए (भण्डारी, २०७८: ९४–९५) । आफ्नो चाहना विपरीतको जवाफ आएपछि रिसाएकी रानीद्वारा वीरध्वज बस्नेतलाई विश्वासमा लिएर धर्मपत्र नै गराई रानीको इच्छा अनुसार रणेन्द्रविक्रमलाई गद्दिमा बसाल्ने कार्यका लागि सहमती जनाएर जङ्गबहादुरको हत्यामा सक्रिय भूमिका खेल्न मन्जुर गराइन भने त्यस बापत प्रधानमन्त्री बनाउने बचनबद्धता व्यक्त गरिन् । रानीबाट कार्यसिद्धिपछि बस्न्यात खलकले प्रधानमन्त्रीको वंशानुगत अधिकार प्राप्त गर्ने बचन समेत पाएपछि सुरु भएको षडयन्त्र योजना विमर्शका अन्तमा भण्डारखाल काण्डको योजना तयार पारियो ।

वि.सं. १९०३ कार्तिक १७ गते भण्डारखाल बगैचामा भोजको आयोजना गरेर विष मिलाइएको खाना खुवाइ जङ्गबहादुरसहितलाई मार्ने योजना विजयराज पाण्डे मार्फत पर्दाफास भएपछि दलबलसहित भण्डारखाल पुगेका जङ्गबहादुरले वीरध्वज बस्नेत सहित १३ जनालाई तत्कालै मारेपछि बाँकीलाई आत्मसमर्पण गराइहाले । सबै घटनाको कारक रानी राज्यलक्ष्मीदेवीलाई समेत बन्दीको अवस्थामा मखनटोल स्थित कान्छा गुरुज्यू नारायण पण्डितको घरमा पुऱ्याएका उनले चारैतर्फबाट कडा पालोपहरामा राखेर रात बिताएपछि भोलीपल्ट खुला टुडिखेलमा उपस्थित गराए । जहाँ राजा राजेन्द्र एवं युवराज सुरेन्द्रको दस्तखतयुक्त पत्र पढेर रानीलाई सुनाएका जङ्गबहादुरले राज्यद्वारा पहिला रानीलाई दिइएका राजनैतिक अधिकारहरू, अख्तियारी सबै झिकिएको जानकारी दिएपछि युवराजको हत्या गरी आफ्नो छोरा रणेन्द्रलाई राजा बनाउने नाजायज चाहना पूरा नगर्दा प्रधानमन्त्रीको हत्या गराउन खोजेको, राज्यका महत्वपूर्ण भारदारहरूको हत्या गराएको आदि आरोप लगाई १० पल्टनका सामुन्ने लज्जित र बेइज्जत पारी देश त्याग गर्न हुकुम मिलेको जनाएर निर्वाशित हुनु पर्ने बाध्यात्मक परिस्थिति ल्याइदिए (ज.ब.रा., २०५९: ४२–४३; सुवेदी, २०७८: २४८) । जङ्गबहादुरको कुटनीतिबाट हार खाएकी रानी राज्यलक्ष्मीदेवी पनि आफ्ना दुवै छोरा सहित भएर काशी–वाराणसी तर्फजान तयार भई तयारी गर्नतिर लागिन ।

रानीको चाहनामा दुवै छोराहरूले पनि सहमती जनाएको देखेपछि खुसी साथ स्विकृति प्रदान गरेका राजा राजेन्द्रले पनि तिर्थयात्राका लागि बनारस जाने इच्छा प्रकट गरे । राजा एवं राजकुमारहरूलाई देश बाहिर जानदिनु उचित नहुने ठहर गरेका जङ्गबहादुरबाट भने राजकुमारहरूलाई जन्म र दर्जाको सम्मान स्वरूप सबै प्रकारका आवश्यक राजकीय सहयोग र सुविधा दिएर राखिने बचनबद्धता प्रकट गर्दै रोक्न खोजे । राजकुमारहरूले नमानेको अवस्थामा आफूपनि रानीसँगै जाने धारणा प्रकट गरेका राजा राजेन्द्रले राजाको भाग्य प्रजाको भाग्यसँग गाँसिएको हुन्छ भन्ने धर्मशास्त्रको प्रसङ्ग ल्याएपछि त्यहाँ राजाले असल काम गरे प्रजाले सुख भोग्ने र राजाले खराब काम गरे प्रजाले त्यसको पनि फल भोग्नै पर्ने तथ्य वर्णन गरिएको जनाएर आफ्नो कारणले गर्दा राज्यका एकसे एक वीरयोद्धाको हत्या भएको स्विीकार गर्दै प्रजालाई दुःखी तुल्याउने कारण आफैभएकाले क्षुब्ध भएको मान्दै तिर्थाटनको लागि बनारस जान चाहेको प्रस्ट पारी त्यहाँको पवित्र गङ्गामा स्नान समेतका कार्य गरेर आफ्नो पापको प्रायश्चित गर्ने चाहना प्रकट गरे (राणा, २०७७ : ८४) । अनैतिक चाहना राख्ने रानीको पछि लाग्दा अपमानजनक र अपमानजन्य काम हुन सक्ने सम्भावना देखाएका जङ्गबहादुरले गरेको अनुरोध नमानेका राजा राजेन्द्रले निश्चय नबदल्ने कुरा प्रस्ट पारे । त्यसपछि आफ्नो अनुपस्थितिमा प्रशासन सम्बन्धी सम्पूर्ण अधिकारहरू प्रयोग गर्न सक्ने अधिकार युवराज सुरेन्द्रलाई प्रदान

गरेका राजाले दुई महिना भित्रै फर्केर आउने बचनबद्धता पनि व्यक्त गरे (जैन, सन् १९८२: ८३)। जसबाट उनको चाहना पनि स्पष्ट भएकाले यात्रा तयारीको अनुमती दिएका जङ्गबहादुर राजा समेतबाट बनारस पुगेपछि हुनसक्ने षडयन्त्र थाहा पाउने र रोक्ने प्रयासमा लागि हाले।

निकै सोच विचार गरेका जङ्गबहादुरले राजा राजेन्द्रलाई रोक्न नसकिने देखेपछि निकै कडा सर्त राखेर मनाएपछि मात्र जान दिएको वा राजिनामा नै लेखाएको उल्लेख पाइन्छ। जसमा तिर्थयात्राको कार्यक्रम तीन महिना भित्र पूरा गरी नेपाल फर्कनु पर्ने सर्त राखेको जनाएका एक लेखकले उक्त अवधिभित्र नफर्किएका खण्डमा राजा राजेन्द्रलाई पदच्युत गरी युवराज सुरेन्द्रलाई राजगद्दिमा राख्ने मन्जुर जनाएको अधिकार पत्र नै लेखाएर लिएको उल्लेख गरेका छन् (भण्डारी, २०७८: १०२)। यस्तै किसिमको आसय झल्किने गरी घटनाक्रममाथि प्रकाश पारेका अर्का लेखकले भने जङ्गबहादुरले राजा राजेन्द्रबाट राजिनामा नै लेखाएर लिएको किटानै गरेका छन्। काशी–वाराणसी जानबाट रोक्न नसकेपछि आफूले श्री ५ महाराजधिराजको पद त्याग गरी युवराज सुरेन्द्रलाई श्री ५ महाराजधिराजको पद प्रदान गरिने प्रस्ट पारिएको राजिनामा पत्र लेखाएपछि सरकार निर्धारित समयमा काशीबाट काठमाडौँ नफर्केको अवस्थामा मात्र राजिनामा कार्यान्वयनमा ल्याइने कुरा बताएपछि राजा राजेन्द्र फर्केका अवस्थामा राजिनामा च्यातिने अनुरोध गरेको प्रस्ट पारिएको छ (ज.ब.रा., २०५९: ४३)। यसप्रकार राजालाई नै कारक बनाएर आफ्नो शक्ति सुदृढीकरणको बाटो खोलेका जङ्गबहादुरले अनुमती दिएपछि ३१ लाख नगद र करिब १५ लाख रुपैयाको जुहारात साथै लिएको राजपरिवार वि.सं. १९०३ मंसिर ४ गतेका दिन काशी तर्फलाग्यो। कमजोर प्रकृतिका राजा राजेन्द्रको यहि कार्यले गर्दा नेपालको राजनीतिमा प्रचलित राजाको सर्वोच्च स्थान हुने, देशमा राजाको व्यक्तिगत शासन चल्ने–कायम हुने र राज्य–सरकार प्रमुख राजा हुने अवस्थामा पूर्ण विराम लाग्ने परिस्थिति निर्माणमा सघाउ पुग्ने वातावरणको परिस्थिति तयार भयो।

राजपरिवारलाई सम्मान साथ ब्रिटिश कम्पनीको अधिनस्थ भूभाग भारतको सीमासम्म पुर्‍याउनका लागि ६ रेजिमेन्ट अर्थात् ६ ब्रिगेड सेना पठाएका जङ्गबहादुरको आदेश अनुरूप राजपरिवारलाई भारत भूमिमा प्रवेश गराएपछि सम्पूर्ण सेना काठमाडौँ फर्केर आएको थियो। राजा राजेन्द्र लगायत सम्पूर्ण राजपरिवारका क्रियाकलाप एवं गतिविधि बारे जानकारी प्राप्त गर्ने लक्ष्य अनुरूप कप्तान खड्गबहादुर कुँवर राना, लेफ्टिनेन्ट करबिर खत्री, काजी हेमदल थापा, सुब्बा सिद्धिमान सिंह राजभण्डारी आदि चारजना आफ्ना अत्यन्त विश्वास पात्र अफिसरहरूलाई सँगै पठाएका जङ्गबहादुरले राजा राजेन्द्रलाई सम्झाएर–खुसी तुल्याएर छिटोभन्दा छिटो काशीबाट काठमाडौँ फर्काएर ल्याउने जिम्मेवारी समेत दिएका थिए (राणा, २०७७: ८५; ज.ब.रा., २०५९: ४२)। काठमाडौँबाट प्रस्थान गरेको रानी समेतको दल सकुशल बनारस पुगेपछि बसोबासको प्रबन्ध मिलायो। आफ्नो चाहना अनुसार तिर्थाटनका विधिविधान पुरा गरेका राजा राजेन्द्रले दान दातव्य समेत सकेर नेपाल फर्कने मनस्थिति बनाउन थालेकै बेला जङ्गबहादुरबाट मारिने डरले मौका बेमौकामा नेपालबाट भागेर बनारस पुगेर बसेका भारदारहरूले दर्शनभेट गरी जङ्गबहादुर विरुद्ध उक्साउन थाले। चौतरिया गुरुप्रसाद शाह, चौतरिया गौप्रसाद शाह आदि भगोडा दलका नेताहरूसहितले उक्साएपछि जङ्गबहादुरलाई समाप्त गर्ने र आफूलाई नेपाल दरबार फर्काएर पुनः सिंहासनरुढ बनाउने भनिएको योजनामा साथ दिन मन्जुर भए। नेपालको राजनीतिमा पुनः प्रभुत्व कायम गर्ने चाहना लिएका र भारदारहरूको प्रभावमा परेपछि नेपालबाट निर्वाशित बन्दा ल्याएको रकम समेतको प्रयोगबाट सिपाहीहरूको सङ्गठन गर्न साथ दिएका राजा राजेन्द्र विद्रोहको बाटो लिन तयार भए। त्यसपछि उनको नामबाट नेपालका सम्पूर्ण भाइ भारदार, सत्र पल्टन एवं रैती दुनियाका नाममा लालमोहर नै पठाएर जङ्गबहादुर विरुद्ध विद्रोह गर्न र दण्ड दिएर आफूलाई साथ दिन आह्वान गर्ने काम भयो। राजा राजेन्द्रका सबै जसो गतिविधिहरूको चियो चर्चो गर्न खटाइएकाहरूले दिएको जानकारीका आधारमा सुराकि समेत गरिरहेका जङ्गबहादुरले उक्त आह्वान पत्र लिएर आएका शेरमर्दन हमाल र डम्बरसिंह विष्टलाई किलागलबाट पक्राउ गरी रैति दुनिया समक्ष उभ्याएर राजा राजेन्द्रलाई पदच्युत गर्ने आधार तयार पारे।

राजा राजेन्द्र एवं रानी राज्यलक्ष्मीदेवीको बनारस प्रस्थानपछि युवराज सुरेन्द्रलाई राज प्रतिनिधि थापेका जङ्गबहादुरले आफ्नै मनखुसीले नेपालको शासन सञ्चालन गर्न थाले । आफ्ना भाइहरूलाई धेरै मानार्थ उपाधि एवं पदकहरूले विभुषित गरेका उनले आफूलाई सर्वाधिकार सम्पन्न तानाशाह अर्थात् शक्तिशाली शासकको रूपमा परिणत गरिसकेका थिए । भीमसेन थापाको हरण भएको सम्पूर्ण अचल सम्पत्ति आफ्नो हकमा गराउने क्रममा जग्गा–जमिन र बिर्ता सबै आफ्ना नाममा पुनः दर्ता गराउने, राज्यका महत्वपूर्ण स्थान एवं सैनिक कमानहरूमा आफ्ना भाइ भतिजा, नातेदार, इष्टमित्रहरूलाई नियुक्त गर्ने काम गरी स्थिति बलियो बनाइसकेका जङ्गबहादुरले देशमा शान्ति कायम गरी समृद्धिको थालनी गरिसकेका थिए । जनताका मनमा सन्तोषको अनुभूति हुने वातावरण सिर्जनामा लागेका उनले आफ्ना सूत्रहरू मार्फत बनारसको जानकारी लिएर आवश्यक कदम चाल्ने काम पनि गर्दै थिए । त्यस्तो अवस्थामा आफ्ना विरुद्ध विद्रोह गराउने, हत्या गराउने उद्देश्य अनुरूप राजा राजेन्द्रबाट बनारसदेखि थालेका अभियान बारे थाहा पाएपछि कठोर कदम चाल्ने निश्चय गरेका उनले राजा राजेन्द्रलाई तुरुन्तै काठमाडौँ फर्कन आग्रह गरे । त्यसलाई नटेरेका राजा राजेन्द्रले केही मानिसलाई काठमाडौँ पठाएर जङ्गबहादुरको हत्या गर्ने जिम्मा दिएको विवरण पत्ता लगाई षडयन्त्र विफल पारेपछि वि.सं. १९०४ वैशाख ३१ को राती राजा राजेन्द्रलाई पदच्युत गरेर युवराज सुरेन्द्रको राज्याभिषेक नै गरिदिए (जैन, सन् १९७२ : ८७; शर्मा, २०४८: २२१; सुवेदी, २०७८: २४८) । त्यसको भोलिपल्टै राजा राजेन्द्रलाई एक पत्र पठाउँदै उनका अपराधहरूको जानकारी दिएर सत्ता च्युत गरिएको जानकारी दिनका लागि जङ्गी तथा निजामती दुवै तर्फका अफिसरहरूको भेला बोलाएर विचार जान्न खोजे । उपस्थित सबैजसो भारदारहरूद्वारा जङ्गबहादुरकै चाहनामा हिँड्ने काम गरिएकाले एक प्रस्ताव पास गर्ने काम भयो । जसमा तिर्थयात्राका लागि बनारस गएका राजा राजेन्द्र काठमाडौँ फर्कन नमानेको हुनाले राजगद्दि खाली राख्न नहुने यथार्थ अनुरूप उहाँकै उत्तराधिकारीलाई राजा बनाइएको हो भन्ने विषयवस्तु पारेर समयको आवश्यकता दर्साउने काम भयो । त्यस घटनाले गर्दा रिसाएका राजा राजेन्द्रले जङ्गबहादुर विरुद्ध गतिविधि थालिहाल्ने नीति अनुरूप काशीबाट हिँडेर दलबल सहित सुगौली नजिकैको गोविन्दगञ्ज नामक गाउँमा पुगेर क्याम्प खडागरेर बसे । नेपाल सेना आफूप्रति समर्पित नहुने कुरा थाहा पाएकाले जुलाइको अन्ततिर नेपाल–कम्पनी सरकारको सीमा क्षेत्र पार गरेका उनले अलौमा पुगेर क्याम्प खडा गरे (स्टिलर–इडि, अप्रिल १९८१: ३८२) । आफ्नो आह्वानलाई मानेर नेपाली जनता एवं सेनाले बिद्रोह गरी साथ दिने आशामा आएका राजाले बिद्रोहका लागि आह्वान गर्ने तयारी थालिहाले ।

राजा राजेन्द्रको यस्तो कार्यबाट राजाका परम्परागत अधिकारहरू थुत्न सजिलो भएकाले झन उत्साहित भएका जङ्गबहादुरले आफ्ना जेठान बडा कप्तान सनकसिंह टण्डन र कप्तान बलभद्र माझिको नेतृत्वमा पुरानो गोरखा पल्टनका ४०० (चार सय) तालिम प्राप्त फौजहरूलाई अलौतर्फपठाइहाले । ब्रिटिश कम्पनी सरकारको सहयोग लिएर जङ्गबहादुरसँग मुकाबिला गर्ने योजना बनाएका राजा राजेन्द्रको चाहना विपरीत आफ्नो अधिनस्थ भूभागबाट जङ्गबहादुर विरुद्ध कुनै गतिविधि गर्न नदिने नीति लिएको कम्पनी सरकारले नेपाल सरकारसँग समझदारी कायम गर्ने कुरामा जोडदिइ राजा राजेन्द्रलाई दबाव पनि दियो (जैन, सन् १९७२: ८८–९०) । सहयोगको सम्भावना नदेखेपछि नेपाली जनताको सहयोग लिएर जङ्गबहादुरसँग लड्ने निर्णय गरेका राजा राजेन्द्रले रणबहादुर शाहलाई जस्तै नेपाली सेनाले साथ दिने विश्वास गरेर वर्तमान विरगञ्ज नजिकै पर्ने अलौमा पुगेर विद्रोह थाले ।

राजेन्द्रविक्रम शाह एवं उनको परिवार बाहेकलाई मार्ने अधिकार दिई राजेन्द्रलाई सुरक्षित काठमाडौँ ल्याउने आदेश सहित सनकसिंह एवं बलभद्रको नेतृत्वमा पठाएको फौजले अलौमा विद्रोहीहरूको संख्या धेरै रहेको समाचार काठमाडौँ पठाए । उक्त खबर पाउना साथ भाइ बमबहादुरको नेतृत्वमा थप तीन रेजिमेण्ट सेना पठाएका जङ्गबहादुरले तराइका स्थानीय जनताको समर्थन प्राप्त गर्न र राजा राजेन्द्रको पक्षमा उत्रिएका विद्रोहीहरूलाई पनि आकर्षित गर्न सजिलो होस् भनी राजा बनाइएका सुरेन्द्रका भाइ उपेन्द्रविक्रम शाहलाई पनि बमबहादुरसँगै पठाइदिए (पन्त, २०३५: १५) । विद्रोहीहरूका गतिविधिहरू बारे सूक्ष्म अध्ययन गरेपछि योजना बनाएका सनकसिंहले रातको समय पारेर राजेन्द्रविक्रम शाहको समूहमाथि एक्कासी आक्रमण गरेकाले

प्रारम्भिक चरणमै २०० भन्दा बढी हताहत भए। लाठी, खुकुरी र केही बन्दुकका भरमा विद्रोह गर्न उभिएका स्वयं सेवक समेतले सनकसिंहका तालिम प्राप्त सेनासँग प्रतिरोध गर्न नसकि मर्ने, घाइते हुने भएकाले बचेकाहरू बिच भागाभाग सुरु भयो। स्थिति प्रतिकूल भएपछि हात्तीमा चढेर भाग्न खोजेका राजा राजेन्द्रका गतिविधि ख्याल राखेको नेपालको सेनाले घेराबन्दी गरेर हात्तीलाई नै कब्जामा लिएपछि सम्मानपूर्वक बन्दी बनाउँदै सेता कपडाले ढाकिएको पाल्कीमा राखी बन्दीकै रूपमा काठमाडौँ तर्फचलाउने काम गऱ्यो (लण्डन, सन् १९७६: १३१)। शाही कैदीका रूपमा काठमाडौँ पुऱ्याइएका राजा राजेन्द्रलाई सुरुमा भक्तपुर स्थित पुरानो दरबारमा नजरबन्द गरेर राखेका जङ्गबहादुरले केही समयपछि हनुमाढोका दरबारमै ल्याएर नजरबन्द गरी विद्रोहको सम्भावनालाई नै अन्त गरिदिए। यसप्रकार ढुलमुले चरित्रका राजा राजेन्द्र शाही कैदी बनेर पनि ३४ वर्ष थप बाँचेर सन् १९८१ मा मात्र नश्वर शरीर त्यागेको उल्लेख पाइन्छ।

अलौ पर्वलाई सत्तामाथि पूर्णरूपेण कब्जा जमाउने अन्तिम माध्यम बनाएका जङ्गबहादुरद्वारा १० महिनाको अवधिमा सम्पूर्ण राजनैतिक व्यवस्थामा नै परिवर्तन ल्याउने काम भयो। यस काण्डपछि राजा राजेन्द्र बन्दी बनाइएकाले उनको पदच्युतिलाई उचित ठहऱ्याउन थालेका अन्तर्राष्ट्रिय जगतले सुरेन्द्रलाई राजाका रूपमा मान्यता दिएकाले उनी बलियो स्थितिमा पुगे। आफूलाई सुरक्षा दिएर त्यो स्थितिसम्म पुऱ्याउने जङ्गबहादुर नै हो भन्ने यथार्थ बोध गरेका राजा सुरेन्द्रको पूर्ण समर्थन भएपछि राजपरिवारका सदस्यहरूबाट राणा शासनलाई समर्थन गर्ने कार्य भएकाले जङ्गबहादुरको स्थिति निकै बलियो भयो। आफूसँग अनुगृहित भएका राजा सुरेन्द्रबाट विभिन्न लालमोहरहरू प्राप्त गरी राज संस्थालाई नाम मात्रको बनाउँदै आफ्नो उन्नती प्रगतिको मार्ग प्रसस्त गरे। राजाका परम्परागत अधिकारहरू आफ्नो हातमा केन्द्रित गरेर नेपालको वास्तविक शासक बनेका उनले पारिवारिक शासन बलियो बनाउने क्रममा प्राप्त गरेका लालमोहरहरू बारे संक्षेपीकृत समीक्षा उपयुक्त हुनेछ।

अलौ पर्वपछि राज्यको महत्त्वपूर्ण एवं शक्तिशाली शासक बन्न पुगेका जङ्गबहादुरले दुई वर्षसम्म काम गरेर जनतादेखि राजासम्ममै प्रभाव कायम गरेपछि आफ्नो वंशजहरूकै सामाजिक प्रतिष्ठा वृद्धि गर्ने चाहना लिए। त्यसका लागि ५ मे १८४९ मा राजा सुरेन्द्र विक्रमबाट एक लालमोहर प्राप्त गरेर आफूहरू राणा वंशीय रहेको उपाधी धारणको अधिकारी बनेर जङ्गबहादुरको परिवारले जस्तोसुकै अपराध गरेका खण्डमा पनि मृत्युदण्ड, सर्वस्वहरण, जातिच्युत जस्ता सजायबाट मुक्त हुनेदेखि राणा परिवारले राज परिवारसँग वैवाहिक सम्बन्ध कायम गर्न पाउने भए (कुमार, सन् १९६७: १५८–१५९; भण्डारी, २०७८: ११२–११४; उपाध्याय, २०५५: २५८)। आफ्नो सामाजिक प्रतिष्ठा बढाउने व्यवस्था गरेपछि राज परिवारसँग आफ्ना छोराछोरीको विवाह गर्ने, आफैले पनि चौतरियाकि बहिनी विवाह गर्ने काम गरेका जङ्गबहादुरले सन् १८५६ को जुलाइ ३१ मा अकस्मात प्रधानमन्त्री पदबाट राजिनामा दिए। आफ्ना भाइ बमबहादुरलाई प्रधानमन्त्री बनाइदिएर आराम गर्ने भन्दै बसेका उनको भित्री नियत देशको स्थिति बिग्रिएपछि राजा एवं भारदारहरू समक्ष आफ्नो महत्त्व बोध गराउनु थियो पनि भनिएको छ। आफ्नो स्थिति सुधार्न चाहेका जङ्गबहादुरको मुख्य समर्थक मानिएका तत्कालीन बडागुरुज्यू विजयराज पाँडेले राजिनामाको २ दिनपछि अर्थात् सन् १८५६ अगस्ट २ का दिन केही भारदारहरूको नेतृत्व गर्दै जङ्गबहादुरको घरमै पुगेर हजुर जस्तो जनता र देशको हित चाहने शासक राजा नै भएर काम गर्नु पर्दछ भन्दै राजा हुन आग्रह गरे। जवाफमा आफैले रक्षा गरेर राजा थापेकोलाई हटाएर राजा बन्दिन भन्दै अस्विकार गरेका जङ्गबहादुरले सन् १८५६ अगस्ट ६ का दिन राजा सुरेन्द्रबाट अर्को लालमोहर प्राप्त गरे। उनलाई कास्की र लमजुङका श्री ३ महाराजको पदवी प्रदान गरिएको विवरणसहितको उक्त लालमोहरमा सम्पूर्ण राजकीय अधिकारहरू समेत प्रदान गरिएको थियो। जसमा कास्की र लमजुङलाई तिम्रो देश भनी सम्बोधन–किटान गरेका राजाले बेलायत र चीनसँगको सम्बन्ध विषयमा श्री ५ ले समेत जङ्गबहादुरले गरेको निर्णय मान्नु पर्ने, नमानेका खण्डमा राजकीय सेना एवं भारदारहरूले श्री ३ जङ्गबहादुर राणालाई सहयोग गर्ने छन् भनेपछि सैनिक निजामती कर्मचारीको नियुक्ति, पदोन्नती–थमौती, निष्कासन गर्ने पजनी सम्बन्धी अधिकार एवं शान्तिमा खलल पुऱ्याउनेलाई मृत्युदण्डको सजाय दिने, कानूनको निर्माण–संशोधन गर्ने अधिकार प्रदान गरेर उनका सन्तान दरसन्तानले श्री ३ को पद उपभोग गर्न पाउने व्यवस्था गरिदिए (कुमार, सन् १९६७ :

१६०; उपाध्याय, २०५५: २५९; राणा, २०६५: ६८–७१)। राजाका हातमा रहेका उल्लेखित अधिकारहरू श्री ३ का नाममा जङ्गबहादुरलाई वंशानुगत रूपमै प्रयोग गर्न पाउने गरी दिने कार्य गरिएपछि राणा शासकहरू नै सर्वेसर्वा भएर राजा अधिकारविहिन हुँदै सम्मानित कैदी वा खोपाको देउता हुने वातावरण निर्माणको पृष्ठभूमि तयार भयो।

सन् १८५६ अगस्टको थालनिमै नाटकीय रूपले प्रधानमन्त्री भएका बमबहादुरको सन् १८५७ मे मा मृत्यु भयो। त्यस अवधिमा श्री ३ महाराज भएर पनि अन्तर्राष्ट्रिय क्षेत्रमा कुनै महत्त्व नपाएकाले प्रधानमन्त्री नै हुनु पर्ने आवश्यकता महसुस गरेका जङ्गबहादुरले त्यसै अनुरूप प्रयास गरिरहेका बेला बमबहादुरको निधन भएको स्थितिमा उनी समर्थक भारदारहरूले राजा सुरेन्द्र समक्ष पुगेर जङ्गबहादुरलाई नै प्रधानमन्त्री बनाउने सल्लाह दिए। उनको समेत राय बुझेका राजाबाट सन् १९५७ जुन २८ का दिन पुनः अर्को लालमोहर जारी गरेर जङ्गबहादुरलाई नै प्रधानमन्त्री एवं प्रधानसेनापतिमा नियुक्ति गरिदिए (राणा, सन् १९९५ : ३३)। जसबाट देशका वास्तविक हैसियतमा पुगेका जङ्गबहादुरको शक्ति चरमचुलीमा पुग्यो भने राजा नाम मात्रका राष्ट्र प्रमुखको थान्कोमा पुग्ने परिवेश सुरु भयो। आफूले प्राप्त गरेको उक्त लालमोहरलाई तामाको बाकसमा राखेर रातो मखमलले बेरेर संरक्षण गर्न थालेपछि तामाको पेटारो, रातो बाकस भन्ने प्रचलन भयो। आफूले कोतपर्वका बेला प्रयोग गरेको तरबार,रातो बाकस र मुकुट सुरक्षित राख्न विशेष ढुकुटीको निर्माण नै गरेका जङ्गबहादुरले जहाँ जाँदा पनि तिनवटै वस्तुहरू लिएर जाने गर्दथे।

राणा शासनको उदयसँगै भएका उल्लेखित कार्य एवं व्यवस्थाले गर्दा त्यस अगाडि राज्यको कानूनी शासक, सर्वेसर्वा एवं निरङ्कुश शासक बनेर देशको राजनीति, सेना, प्रशासन आदिका सञ्चालक नियन्त्रक रहेका राजा नाम मात्रका राष्ट्र प्रमुखको अवस्थामा पुगे। देशको कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकासँग सम्बन्धित सम्पूर्ण अधिकारहरूको स्वामित्व लिएर प्रयोग गर्ने राजा राणाकालमा आएर खोपाको देउता जस्तो हुन पुगे। पटक पटक गरेर राजा सुरेन्द्रसँग पञ्जा पत्र एवं ८ वटा लालमोहरहरू प्राप्त गरेका जङ्गबहादुरले राजालाई कानूनी शासकको हैसियत प्रदान गरेका परम्परागत विशेष अधिकारहरू पनि हात पारे। जसले गर्दा देशको राजनीतिमा संलग्न हुने, हस्तक्षेप गर्ने स्थिति विमुख भएका राजालाई देश विदेशको गतिविधिबाट अलग राख्नेदेखि ज्ञान आर्जनबाट पनि विमुख पार्ने काम भयो। राणा प्रधानमन्त्रीको खटनपटनमा रहन बाध्य भएका राजालाई विदेश भ्रमणमा जान, विदेशी प्रतिनिधिहरू वा अन्य जो कोहीलाई भेट्न पनि प्रधानमन्त्रीको स्विकृति लिनु पर्दथ्यो। राजपरिवारका सदस्यहरूसम्मले पनि प्रधानमन्त्रीको स्विकृति बिना राजासँग भेट गर्न नपाउने व्यवस्था गरेका राणा प्रधानमन्त्रीहरूले आफ्ना विश्वस्त भाइभारदारहरूलाई राजाको सुरक्षा प्रमुख, हजुरिया, सचिव आदिका रूपमा खटाएर उनका हरेक क्रियाकलापहरू माथि निगरानी राख्नेदेखि शाही कैदी वा सम्मानित कैदीका रूपमा रहन बाध्य पार्ने काम गरे।

राजालाई विलाशी जीवन बिताउन उचित वातावरण तयार गरेका राणाहरूले देश विदेशबाट उच्च स्तरीय अफिम–मदिरा झिकाएर उपलब्ध गराउने तर प्रधानमन्त्रीको स्विकृति बिना एक पैसा पनि खर्च गर्न नसक्ने वा नपाउने स्थिति निर्माण गरेका थिए। विलासका सम्पूर्ण सामग्रीहरू श्री ५ को दरबारमा जुटाइदिने प्रबन्ध मिलाएका राणाहरूले स्वदेश विदेश घुम्ने स्वतन्त्रता नदिई राजालाई धार्मिक नेताका रूपमा मूर्ति समान भएर दरबारमा रहनु पर्ने बाध्यात्मक व्यवस्था मिलाएका थिए। राष्ट्रिय उत्सव, समारोह आदिमा विदेशी दूत आउँदा र महत्त्वपूर्ण धार्मिक कार्यक्रमहरूमा राजालाई सम्मान गरिएको देखाउनकै लागि मात्र उपस्थित गराउने बाहेक भगवान विष्णुको अवतार भएकाले धेरै सार्वजनिक हुन नहुने भन्दै राजदरबारमै सीमित पार्ने काम भएको थियो।लागु पदार्थ, मादक पदार्थको अम्मली बनाएर राम्रा केटी सुसारेहरूको घेरामा मस्तिमा डुबाएर राख्ने प्रबन्ध मिलाएका राणा शासकहरूले देखाउनकै लागि मात्र पनि राजालाई महत्त्वपूर्ण भाषण तथा घोषणाहरूमा शाही उपस्थिति दिने लालमोहर पञ्जा पत्र आदिमा राजाकै निशाना चल्ने, विदेशी प्रतिनिधिहरूको सम्मान र आवश्यक परेमा पत्राचार समेत राजाबाटै गराउने, धार्मिक उत्सवहरूमा उपस्थित गराउने र महत्त्वपूर्ण कागजहरूमा राजाकै लालमोहर लगाउनेसम्मका अधिकार दिएका थिए। त्यसलाई पनि शासकको तजविजमा सीमित राखेका राणाहरू मध्ये वीरशमशेरले सत्तामा पुगेपछि थप कटौति गरे।

देशको शासनमा कब्जा जमाएपछि आफ्ना खलकलाई महत्त्वपूर्ण बनाउने नीतिमा बढेका वीरशमशेरले प्रधानमन्त्री कार्यालयको लागि निर्धारित खड्गनिशाना छाप प्रयोग गर्न थालेपछि राज्यका महत्त्वपूर्ण कागजपत्रहरूमा लालमोहर लगाउने प्रचलन हटेर गयो । त्यसपछि विवादास्पद विषयहरूमा, अति महत्त्वपूर्ण विषयमा र राजालाई गाल आउने जस्ता विषयमा मात्र लालमोहर लगाउने अन्यथा सबै कामहरू खड्गनिशाना छापबाट गर्न सकिने भयो । परिणामस्वरूप राणा शासनकालमा राजा नाम मात्रको हुन पुगेका नभएर राणा वर्गको कठपुतली हुन गए । सुरुदेखि नै राजतन्त्रात्मक प्रणाली रहि आएको नेपालमा सैनिक ढर्राको क्रमबद्ध जहानिया शासन कायम गरेका राणाहरूले राजालाई नाम मात्रको बनाएर आफूहरू नेपाल र नेपालीका भाग्य विधाता बनेर शासन गर्ने काम गरे । आफ्नो सैनिक कुशलता र तत्कालीन अस्थिर राजनीतिक परिस्थितिलाई धुर्ततापूर्वक उपयोग गरेका जङ्गबहादुरले आफूलाई नेपालको प्रधानमन्त्री, श्री ३ महाराजको स्थानमा पुर्‍याउँदै वंशाणुगत प्रधानमन्त्री हुने जुन व्यवस्था मिलाए त्यसले नै राजालाई प्रतिकात्मक रूपले मात्र राष्ट्र प्रमुख हुने स्थितिमा पुर्‍याएर शक्तिविहिन बनाइदियो । आफ्ना विरोधीहरूलाई देशभित्र आउनै नसक्ने बनाएका जङ्गबहादुरले थालेको सर्वस्वहरण गर्ने, विरोधीलाई जिम्मेवारीबाट मुक्त गर्ने, सहयोगी–समर्थकलाई पुरस्कृत गर्ने कार्यलाई राजाले पनि रोक्न सक्ने अवस्था भएन । जसबाट विकसित वातावरणलाई एक ब्रिटिश प्रतिनिधिले गरेको मूल्याङ्कनलाई स्थान दिएका एक लेखकले आफ्नो उदयको थालनीदेखि नै जङ्गबहादुर प्रतिस्पर्धीरहित एकछत्र शासक रहेको, वृद्ध राजा दरबारका बन्दी भएर बस्न बाध्य भएको, बहालवाला राजालाई पनि कुनै पनि अधिकार प्रयोग गर्ने अधिकार नदिइकनै कडा निगरानीमा राखिएको, राजाका उत्तराधिकारीहरूलाई पनि सार्वजनिक रूपमा नदेखिने गरी राख्ने–सार्वजनिक कार्यहरूमा भाग लिने र दरबारमै ब्रिटिश प्रतिनिधिलाई निमन्त्रणा गरिने कार्यक्रममा समेत आउन नदिने प्रबन्ध गरेर राजालाई वर्षौंसम्म पनि देख्न सुन्न नपाउने स्थिति रहेको विवरण साभार गरेका छन् (महत, २०६३: २४) । जसबाट राणाकालीन नेपालमा राजाको अवस्था र स्थिति मन्दिरको मूर्ति एवं नारायणहिटीको सम्मानित कैदी जस्तो थियो भन्दा फरक पर्ने छैन ।

**उपसंहार**

जनता मोटा भया दरबार बलियो रहन्छ भन्ने भावनाका प्रबल समर्थक पृथ्वीनारायण शाहले बसालेको परम्परा विपरीत उत्रिएका उनकै उत्तराधिकारीहरूको स्वार्थी प्रवृत्ति र अविवेकि नीतिले नै नेपालमा राणाशासनको स्थापना र सुदृढता भएकोमा कुनै शंका गरिरहनु पर्दैन । राजा राजेन्द्रको कमजोर चरित्र र राज भूमिकाको महत्त्व बोध गर्न सक्ने खुबीको अभावले गर्दा आफ्ना अधिकार प्रयोगको दायित्व रानी राज्यलक्ष्मीलाई सुम्पने जुन कार्य भयो त्यसले नै राजाको स्थान र भूमिकामा प्रश्न उठाउने अवस्थाको शिलान्यास गराइदियो । राज्य सञ्चालनका अधिकार पाएपछि आफ्नो छोरा रणेन्द्रलाई राजा बनाएर राजेन्द्र लक्ष्मीझैँ नायवी लिएर शासन गर्ने चाहना लिएकी रानीले त्यसका लागि अपवित्र गठबन्धन गर्न र साँठगाँठको तारतम्य मिलाउन समेत पछि नपरेर षडयन्त्रकारीहरूको मनोबल बढाइदिइन । शाह वंशमा सनकी र भोगी राजाको उपाधि पाएका रणबहादुर शाहले वास्तविक उत्तराधिकारीलाई पन्छाएर गिर्वाणयुद्ध विक्रम शाहलाई राजा बनाएको घटनाबाट पाठ सिकेकी रानी राज्यलक्ष्मीले पनि युवराज सुरेन्द्रलाई पन्छाएर आफ्नो छोरा रणेन्द्रलाई राजा बनाउने सोच अनुरूप गतिशीलता बढाएकी हुन् । आफ्नो अनुचित महत्वकांक्षा पूरा गर्न खोज्दा आउन सक्ने परिणामबारे आँकलन गर्न भन्दा राज्याधिकार हात पारेपछि जे गर्दा पनि हुन्छ भन्ने सोच अनुरूप बढेर जंगबहादुरलाई माध्यम बनाउने गलत निश्चय गरेकी रानीले जंगबहादुरबाट काम हुन्छ भनेर जुन विश्वास गरिन त्यो नै आत्मघाती साबित भयो । आफूलाई समेत स्पष्ट जवाफ दिने भएपछिको स्थितिमा पुनः वीरध्वज बस्नेतलाई साथ लिएर जंगबहादुरको हतया गर्ने योजना बनाएर कार्यान्वयन भैहाल्छ भनेर विश्वस्त हुनु रानीको अर्को गल्ति थियो । जसको मूल्य नेपालको राजसंस्थाले खोपाको देवताको स्थानमा पुगने पूर्वाधार निर्माणमा जंगबहादुरलाई साथ दिएर चुकाउनु परेको हो । त्यसैले कोतपर्व भन्दा अगाडि राजाको जुन स्थान थियो । त्यसलाई कोतपर्वले ठ्याक्कै उल्टाइदिएर प्रधानमन्त्री नै कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका प्रमुख एवं पजनीदेखि युद्ध घोषणा–युद्धविरामका हर्ताकर्ता बन्न पुगेका हुन् । समग्रमा नेपाली

जनताको असिम आस्था र माया पाएको र सर्वाधिकार सम्पन्न अवस्थामा रहेको नेपालको राजसंस्थालाई अधिकारविहिन तुल्याउँदै राणाहरूको इच्छाबन्दी, खोपाको देउता, नारायणहिटीको सम्मानित कैदी, नारायणहिटीको ठकुरीका रूपमा रहन बाध्य हुने अवस्थामा पुऱ्याउने कार्यका लागि राज्य व्यवस्था सञ्चालनको मूल आधार नै षडयन्त्रात्मक राजनीतिलाई बनाउने पृथ्वीनारायण शाहका अयोग्य उत्तराधिकारीहरू हुन भन्नै पर्दछ । जुन नेपालको राजनैतिक इतिहासको कटु सत्य एवं तितो यथार्थ हो ।

**सन्दर्भ सामग्री**

उपाध्याय, श्रीरामप्रसाद (वि.सं. २०५५), *नेपालको समीक्षात्मक इतिहास*, ललितपुर : साझा प्रकाशन ।

कुमार, सतिश (सन् १९६७), *दि राना पोलिटी इन नेपाल*, दिल्ली : एसियन पब्लिसिङ हाउस ।

गौतम, बद्रीनारायण र सिंह, गणेशमान (वि.सं.२०७४), *नेपालको प्रजातान्त्रिक आन्दोलन* (वि.सं. १९७२–२००७), काठमाडौँ : गणेशमान सिंह फाउण्डेसन ।

ज.ब.रा., पुरुषोत्तम शमशेर (वि.सं.२०५९), *श्री ३ हरूको तथ्य वृत्तान्त*, भाग १, (दोस्रो संस्करण), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

जैन, एम.एस. (सन् १९७२), *दि इमर्जेन्स अफ अ न्यू अरिस्ट्रोक्रेसी इन नेपाल*, आग्रा–इण्डिया : श्रीराम मेहरा एण्ड कम्पनी पब्लिसर्स ।

पन्त, नवराज (वि.सं.२०३), *श्री ३ पद्म शमशेरका कुरा*, काठमाडौँ : संशोधन मण्डल ।

भण्डारी, बुद्धिलाल (वि.सं.२०७८), *जङ्गबहादुर कुँवर: जीवनवृत्त*, काठमाडौँ : ओरियन्टल पब्लिकेसन ।

महत, रामशरण (वि.सं.२०६३), *लोकतन्त्रको पक्षमा*, काठमाडौँ : मकालु प्रकाशन गृह ।

योगी, नरहरिनाथ (सम्पा.) (वि.सं.२०१६), *पृथ्वीनारायण शाहको दिव्य उपदेश*, काठमाडौँ : राष्ट्र जागरण समूह ।

राणा, प्रमोदशमशेर (सन् १९९५), *राणा इन्ट्रिगुइस*, काठमाडौँ : आर. राणा ।

राणा, प्रमोदशमशेर (वि.सं.२०६५), *राणाशासनको वृत्तान्त*, काठमाडौँ : पैरवी बुक हाउस ।

राणा, पद्मजङ्ग, रामबहादुर पहाडी (अनु.), (वि.सं.२०७७) *जङ्गबहादुरको जीवनयात्रा*, काठमाडौँ : ओरियण्टवल पब्लिकेसन हाउस प्रा.लि. ।

लण्डन, पि., (सन् १९७६) *नेपाल*, भोलुम १, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

शर्मा, देवीप्रसाद (वि.सं.२०४८), *आधुनिक नेपालको इतिहास* (सन् १९४२–१९६१), काठमाडौँ : रत्नपुस्तक भण्डार ।

सुवेदी, राजाराम (वि.सं.२०७८), *नेपालको तथ्य इतिहास*, काठमाडौँ : शिखा बुक्स ।

स्टिलर, लुडविग एफ.एस.जे. (इडि) (अप्रिल १९८१), *लेटर्स प्र.म. काठमाडौँ : दि कोत म्यासाकर*, कीर्तिपुर : रिसर्च सेन्टर फर नेपाल एण्ड एसिएन स्टडिज त्रिभुवन युनिभर्सिटी ।